नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

## प्रेस विज्ञप्ति

### अर्थमन्त्री र अमेरिकी सहायक विदेश मन्त्रीबीच शिष्टाचार भेट

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र संयुक्त राज्य अमेरिकाका सहायक विदेश मन्त्री Mr. S. Paul Kapur बीच आज मिति २०८३ वैशाख ८ गते मंगलवारका दिन अर्थ मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भयो। यस अवसरमा अर्थमन्त्री डा. वाग्ले र अमेरिकी सहायक विदेश मन्त्री विच हालै सम्पन्न निर्वाचन पछि गठित वर्तमान सरकार र अमेरिकी सरकार बीच सम्भावित साझेदारीका क्षेत्रहरू, लगानी प्रवर्धन र द्विपक्षीय सहयोगका विषयमा गहन छलफल भयो। उक्त छलफलमा अर्थमन्त्री डा. वाग्लेले सरकारको मुख्य प्राथमिकता सुशासन, आर्थिक सुधार र गुणस्तरयुक्त भौतिक पूर्वाधार निर्माण रहेको उल्लेख गर्नुभयो। उहाँले पुराना अनावश्यक कानूनहरूको खारेजी र नयाँ कानून निर्माणद्वारा आर्थिक सुधार र लगानीको वातावरण सिर्जना गर्नु सरकारको प्राथमिकता रहेको प्रष्ट पार्नुभयो। अमेरिकी लगानीकर्ता तथा गैर आवासीय नेपाली लगानीकर्ताहरूवाट विशेष गरी पर्यटन, स्वच्छ उर्जा र सूचना प्रविधिका क्षेत्रमा लगानी अपेक्षित रहेको समेत सो अवसरमा बताउनु भयो।

अमेरिकी सहायक विदेश मन्त्री कपुरले नेपाल र अमेरिका बीचको ऐतिहासिक सम्वन्ध आगामी दिनमा अझ सुदृढ हुने विचार व्यक्त गर्नुभयो। हालै सम्पन्न शान्तिपूर्ण निर्वाचनपश्चात गठित वर्तमान सरकारले लिएको सुधारका कार्यक्रमहरूलाई अमेरिकी राष्ट्रपति र अमेरिकी जनताले सकारात्मक रूपमा नजिकबाट हेरिरहेको समेत बताउनु भयो। सफल व्यापारिक सम्वन्ध र US International Development Finance Corporation जस्ता संस्थाहरुसँगको साझेदारीमा दुवै राष्ट्रहरूले लाभ लिन सक्ने विषयमा सहायक विदेश मन्त्रीले जोड दिनुभयो।

उक्त वैठकमा अर्थ सचिव डा. घनश्याम उपाध्याय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयका पदाधिकारी तथा नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदुत Mr. Scott Urbom सँगै अमेरिकी राजदुतावासका पदाधिकारीको समेत उपस्थति रहेको थियो।

२०८३ वैशाख ८ गते

टंक प्रसाद पाण्डेय
सहसचिव एवम् प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np